# शैक्षिक विपत् व्यवस्थापन कार्ययोजना तयार

**सोलुखुम्बु समाचारदाता**
*सोलुखुम्बु, भदौ ९ गते*

---

शिक्षा क्षेत्रमा काम गर्दै आएको सामाजिक संस्था रिड नेपालले सोलुदूधकुण्ड नगरपालिकामा शैक्षिक विपत् व्यवस्थापन कार्ययोजना तयार पारेको छ। शैक्षिक क्षेत्रमा भैपरी आउने विपत्को व्यवस्थापन कार्ययोजना तयार पारेको रिड नेपालका संयोजक केशवदेव गिरीले जानकारी दिनुभयो।

सो कार्ययोजनामा प्रकोपको अवस्था र जोखिम विश्लेषण, प्रकोपको आधारमा विद्यालयको जोखिम विश्लेषण, प्रकोपका कारण विद्यालयमा हुन सक्ने क्षतिको पूर्वानुमान, विपत्ले सिर्जना गर्न सक्ने तत्कालीन सामाजिक सवाल, विपत्को जोखिमलाई न्यूनीकरण गर्न कार्यान्वयन गर्नुपर्ने गतिविधि, विपत् प्रतिकार्य कार्ययोजना, समन्वय र सञ्चार व्यवस्थापन, सहयोगी संस्थाको विवरणलगायतका विषय समेटिएको जनाइएको छ। विपत् व्यवस्थापन कार्ययोजनालाई पूर्णता दिन नगर शिक्षा शाखा प्रमुख गोपालराज भुजेलको संयोजकत्वमा पाँच सदस्यीय समिति पनि गठन गरिएको छ। समितिको सदस्यमा केशवदेव गिरी, तिलकबहादुर राई, रीता ढुङ्गाना र ल्हाक्पागेलु शेर्पा रहेका छन्। कार्ययोजनालाई सफल कार्यान्वयन गराउन तयार गरिएको निर्णय पुस्तिका लिँदै सोलुदूधकुण्ड नगरपालिकाका उपप्रमुख गान्धीमाया तामाङले नगर क्षेत्रमा शिक्षाको गुणस्तर वृद्धिका लागि रिड नेपालले खेलेको भूमिकाको प्रशंसा गर्दै कार्ययोजना कार्यान्वयनमा नगरपालिका तयार रहेको बताउनुभयो। शिक्षा विकास तथा समन्वय एकाइ सोलुखुम्बुका प्रमुख खगेन्द्र श्रेष्ठले विपत्का कारण शैक्षिक क्षेत्रमा पर्न सक्ने असरलाई कम गराउन योजनाले सहयोग गर्ने धारणा राख्नुभयो।